

कक्षा १

# मेरो गोदावरी



# विषय सूची


**एकाइ १ ः म र मेरो परिवार ---------- 1**

*पाठ-१ः आदर सत्कार तथा माया ---------- 1*

**एकाइ २ः मेरो दैनिक जीवन ---------- 4**

*पाठ १ ः विद्युतीय सामाग्रीहरु ---------- 4*

*पाठ २ः सडक सुरक्षा ---------- 8*

**एकाइ ३ : हाम्रो समुदाय ---------- 12**

*पाठः-१ः समुदायको परिचय ---------- 12*

*पाठ ३ : मातृभाषा ---------- 14*

*पाठ ४ : नातागोता तथा अभिवादन ---------- 15*

*पाठ ५ : स्थानीय संघसंस्थाहरु ---------- 17*

*पाठ ६ : मेरो विद्यालय ---------- 18*

**एकाइ ४ : हाम्रो वातावरण ---------- 19**

*पाठ १ : जडीबुटी ---------- 19*

*पाठ २ : विपद् ---------- 22*

*पाठ ३ : सरसफाई ---------- 25*

**एकाइ ५ : हाम्रो संस्कृति ---------- 29**

*पाठ १ः हाम्रा चाडपर्व र खानेकुराहरु ---------- 29*

*पाठ २ः हाम्रो पहिरन ---------- 31*

*पाठ ३ : हाम्रा परम्परागत गीत तथा बाजाहरु ---------- 32*

*पाठ ४ : हाम्रो संस्कार ---------- 33*

**एकाइ ६ः हाम्रो वरपरको संसार ---------- 34**

**एकाइ ७ : हाम्रा क्रियाकलाप ---------- 42**

*पाठ १ः स्थानीय खेल ---------- 42*

*पाठ २ः हाम्रा परम्परागत पेशा व्यवसाय ---------- 44*

*पाठ ३ः स्थानीय प्रविधि ---------- 46*

## एकाइ १ : म र मेरो परिवार

### पाठ-१ः आदर सत्कार तथा माया

**(क) हेरौँ, पढौँ र बुझौँ**





गीताः मेरो सानो परिवार छ। मेरो परिवारमा आमा, बा, म र मेरो भाइ छौँ।







**एकछिन गीत गाऔँ :**

ठूलालाई आदर सत्कार
सानालाई माया,
कहिले हुन्छ घाम
कहिले हुन्छ छाँया ।







आमा, बुवा हाम्रै दायाँ बायाँ
दिदीलाई आदर गर्छु
भाइलाई गर्छु माया,
ठूलालाई आदर .........(दोहोऱ्याउने)

**अभ्यास**

**अ. आदर साथ बोल्दा प्रयोग गरिने शब्दहरुमा गोलो घेरा (◯) लगाउनुहोस् ।**

| | | | |
|---|---|---|---|
| (हजुर) | तपाईं | तिमी | तँ |
| तपाईंको | तिम्रो | हजुरको | |

**आ. अभिवादन गर्दा प्रयोग गरिने शब्दहरुमा गोलो घेरा (◯)लगाउनुहोस् ।**

| | | | |
|---|---|---|---|
| ढोग | नमस्कार | घाम | प्रणाम |
| छाया | जयमसिह | राम राम | पानी |
| सलाम | छाया | सेवालागि | सिताराम |

**इ. उत्तर भन्नुहोस् ।**

१. तपाईंको परिवारमा को को हुनुहुन्छ ?

२. आफूभन्दा ठूलालाई के गर्नुपर्छ ?

३. आफूभन्दा सानालाई के गर्नुहुन्छ ?

# एकाइ २ः मेरो दैनिक जीवन


## पाठ १ ः विद्युतीय सामाग्रीहरु

**हेरौँ र चिनौँ**

घरमा प्रयोग हुने विद्युतीय सामाग्रीहरु



**विद्यालयमा प्रयोग हुने विद्युतीय सामाग्रीहरुः**




**अभ्यास**

अ. विद्युतबाट चल्ने उपकरणमा गोलो घेरा ◯ लगाउनुहोस् ।























**आ. जोडा मिलाउनुहोस् ।**


राइस कुकर




फ्रिज



पंखा



इस्त्री



मोबाइल




**इ. तलका प्रश्नहरुको उत्तर भन्नुहोस् ।**

१. तपाईंको घरमा प्रयोग गरिने विद्युतीय उपकरणहरु के-के छन् ?


२. तपाईंको विद्यालयमा विद्युतीय उपकरणका साधनहरु के के छन् ?


**ई. थोप्ला जोडी तलको चित्र पुरा गरी नाम लेख्नुहोस् ।**





## पाठ २: सडक सुरक्षा

**हेरौं र चिनौं**











उमा बाबासँग बजार गइन् ।
बजारमा भिड थियो । उमा र बाबा
भिडमा छुट्टिनु भयो ।
उमाले बाबालाई खोज्दै जाँदा पछाडी
बाट गाडी आई ठोक्यो
र उमालाई खुट्टामा चोट लाग्यो ।
बाटो काट्दा सावधानी
नपुगाएकोले उमालाई चोट लागेको हो ।





**अभ्यास**

**अ. उत्तर दिनुहोस् ।**


१. उमा कोसँग बजार गइन् ?

२. उमालाई कसरी चोट लाग्यो ?

३. उमालाई कहाँ चोट लाग्यो ?

**आ. जोडा मिलाउनुहोस् ।**


जेब्रा कस




सडक पेटी




मोबाइल सेट



पंखा



ट्राफिक लाईट



**इ. ठिक भए ठिक (✓) वेठिक भए (✗) चिन्ह लगाउनुहोस् ।**

क) हामीले सडक पेटी बाट हिड्नुपर्छ ।

ख) जथाभावी बाटो काट्नु राम्रो बानी हो ।

ग) बाटोमा हिड्दा साथीसँग जिस्किदै हिड्नुपर्छ ।

घ) पंखा एउटा विद्युतीय साधन हो ।

ङ) मादल विद्युतबाट चल्ने साधन हो ।

**क्रियाकलाप:**

**ट्राफिक लाइटको चित्र बनाउनुहोस् ।**

# एकाइ ३ : हाम्रो समुदाय

## पाठः-१: समुदायको परिचय

**चित्र हेरी उत्तर दिनुहोस् ।**



चित्र क



चित्र ख




चित्र ग

१. चित्र 'क' मा कुन समुदाय देखाइएको छ भन्नुहोस् ।

२. चित्र 'क' र चित्र 'ख' मा भएका समान क्रियाकलापहरु के के छन् ? भन्नुहोस् ।

३. चित्र 'ग' मा देखाइएको समुदाय कुन होला ? भन्नुहोस् ।



मेरो नाम गौरव भट्ट हो । म श्रीपुरमा बस्छु । म पहाडी समुदायमा बस्छु ।

मेरो नाम सलिना चौधरी हो । म फकलपुरमा वस्छु । फकलपुरमा थारु समुदायको बस्ती छ ।



**अ. तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

१) तपाईं कुन समुदायमा बस्नुहुन्छ ?

२) गौरव कहाँ बस्छन् ?

३) सलिनाको समुदायको नाम भन्नुहोस् ।

# पाठ २: सामाजिक विकृतिहरु







**माथिका चित्रहरु अध्ययन गरी सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

क) चित्रमा के के देख्नुभयो ? भन्नुहोस् ।

ख) तपाईंको समुदायमा विवाह गर्दा दाइजो दिने चलन छ कि छैन ?

ग) तपाईंको समुदायमा रहेका कुनै दुई सामाजिक विकृतिका नामहरु भन्नुहोस् ।

## पाठ ३ : मातृभाषा



मेरो नाम हरि प्रसाद चौधरी हो । म १ कक्षामा पढ्छु । मेरो घरमा थारु भाषा बोलिन्छ ।



मेरो नाम विपना कुँवर हो । म पनि कक्षा १ मा पढ्छु । मेरो घरमा डोटेली भाषा बोलिन्छ ।

**अ. तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

१) तपाईंको नाम के हो ? भन्नुहोस् ।

२) तपाईंको घरमा कुन भाषा बोलिन्छ ?

३) तपाईंको साथीको मातृभाषा कुन हो ?

४) तपाईंको समुदायमा बोलिने कुनै दुई मातृभाषाको नाम भन्नुहोस् ।

## पाठ ४ : नातागोता तथा अभिवादन



| नेपाली शब्द | थारु भाषा | राना भाषा |
|---|---|---|
| बाबा | बाबा | दौवा (दाउ) |
| आमा | दाई | अइया (आई) |
| काका | काका | कक्कु |
| काकी | काकी | काकी |
| हजुरबुवा | बुदु | दादो |
| हजुरआमा | बुदी | दादी |
| दाजु | दादु (दादा) | ददा |
| दिदि | दिदि | दिदि |
| भाइ | भइया | भैया (भैलु) |
| बहिनी | बाबु | बहिनिया |
| नमस्कार | राम राम | राम राम |
| ढोग | ढोग | ढोग |
| आर्शिवाद | आशिष | आशिष |

**अभ्यास :**

**जोडा मिलाउनुहोस् ।**

| **समूह क** | **समूह ख** |
|---|---|
| आमा | दादी |
| हजुर आमा | दाई |
| दाजु | बाबु |
| बहिनी |ददा |
| बाबा | राम राम |
| नमस्कार | दाउ |

# पाठ ५ : स्थानीय संघसंस्थाहरु

**चित्र हेरी चिन्नुहोस् ।**












**क्रियाकलाप :**

आफ्नो समुदायभित्र रहेका कुनै तीन संघ संस्थाहरुको नाम भन्नुहोस् ।

## पाठ ६ : मेरो विद्यालय



**अ. खाली ठाउँ भरौं ।**

१) मेरो विद्यालयको नाम ........................................................... हो ।

२) मेरो विद्यालय गोदावरी नगरपालिका वडा नं. .............मा पर्दछ ।

३) मेरो कक्षा शिक्षक .............................................. हुनुहुन्छ ।

४) मेरो विद्यालयको प्रधानाध्यापकको नाम ...................................... हो ।


**क्रियाकलाप:**

तपाईंलाई आफ्नो विद्यालय कस्तो लाग्छ ? साथीहरुसँग छलफल गर्नुहोस् ।

# एकाइ ४ : हाम्रो वातावरण

## पाठ १ : जडीबुटी

**हेरौ र चिनौः**



वनजंगल



खोलानाला



जडिबुटी

माथिको चित्रमा के-के देख्नुहुन्छ ? साथीहरुलाई वा शिक्षकलाई सुनाउनुहोस् :

### जडिबुटीको परिचय र घरमा प्रयोग हुने जडिबुटी

**हेरौं, पढौं र बुझौं :**



तुलसी



गुर्जो



घिउकुमारी



बेसार



टिमुर



निम

हाम्रो घर/बारीमा धेरै प्रकारका बोट-बिरुवाहरु देख्न पाइन्छन् । यहाँ तुलसी, नीम, घिउकुमारी, गुर्जो, बेसार र टिमुरको बोटका चित्रहरु छन् । यी सबै औषधीय गुण भएका

बोट-बिरुवा हुन् । औषधीय गुण भएका बोट-बिरुवा जडिबुटी हुन् । हाम्रो वरपर रहेका सबै कुरालाई वातावरण भनिन्छ ।

**चित्र हेरौँ र चिनौ :**



...........................



................................



............................



.............................



...............................



...............................



...................................



.............................



.............................

**अभ्यासः**

**अ. तपाईंको घरमा भएका जडिबुटीमा गोलो घेरा ◯ लगाउनुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| गुर्जो | मकै | धनिया | धान | जौ | कोदो |
| बेसार | बिरालो | तुलसी | केरा | घिउकुमारी | रायो |
| दालचिनी | लाही | टिमुर | आलु | धतुरो | |

**क्रियाकलापः**

**शिक्षकसँगै विद्यालय वरपर अवलोकन गरेर त्यहाँ भएका जडीबुटीहरुको नाम लेख्नुहोस् ।**

१ ..................................... २............................ ३ ...............................

४. ................................... ५ .......................... ६ ...............................

## पाठ २ : विपद्

### १. विपद्को परिचय

**(क) हेरौं, पढौं र बुझौं :**



भूकम्प



डुबान



हावाहुरी



चट्याङ



आगलागी



बाढी

बाढी/पहिरो, डुबान, भूकम्प, हावाहुरी आदिलाई विपद् भनिन्छ ।

### २. विपद्जन्य घटनाहरु

**पढौं र बुझौं ।**

प्राकृतिक रुपले आइपर्ने दुखद घटना प्राकृतिक प्रकोप हो । प्राकृतिक प्रकोपलाई नै विपद् भनिन्छ । बाढी/पहिरो, डुबान, भूकम्प, हावाहुरी, आगलागी, चट्याङ आदि प्राकृतिक प्रकोप हुन् । प्राकृतिक प्रकोपले गाउँ-घरमा विपद् ल्याउँछ ।

### ३.स्थानीय स्तरका विपदहरु :



अ) आगलागी



आ) चट्याङ



इ) भूकम्प



ई) हावाहुरी



उ) पहिरो



ऊ) डुबान

हामीले बसोबास गर्ने गाउँघर वा नगरमा हुने विपद्हरु स्थानीय स्तरका विपद् हुन् ।

**अभ्यासः**

**अ) खाली ठाउँ भर्नुहोस् :**

१) प्राकृतिक प्रकोपलाई ...................................... भनिन्छ । (दुर्घटना/विपद्)

२) भूकम्प आएमा ........................................... तिर जानुपर्छ । (कोठा/खुला मैदान)

३) हावाहुरी चलेको समयमा घर .................. बस्नुपर्छ । (बाहिर/भित्र)

(४) आगोसँग जथाभावी .............................. । (खेल्नुपर्छ/खेल्नु हुँदैन)

**आ. धर्सो तानेर जोडा मिलाउहोस् :**

| **चित्रहरु** | **शब्दहरु** |
|---|---|
|  | आगलागी |
|  | हावाहुरी |
|  | डुबान |
|  | चट्याङ |
|  | भूकम्प |

**क्रियाकलापः**

**विपद् भित्र कुन-कुन घटना पर्दछन्, लेख्नुहोस् :**

१. आगलागी

२. ..............................................................

३. ..............................................................

४. ..............................................................

५. ..............................................................

६. ..............................................................

७. ..............................................................

## पाठ ३ : सरसफाई

**१.व्यक्तिगत सरसफाईःआफ्नो सरसफाई आफै गर्ने कार्यलाई व्यक्तिगत सरसफाई भनिन्छ ।**

**हेरौं र भनौं :**









(अ) चित्रमा के-के देख्नुभयो ?

(आ) तपाईंको घर-आगन क-कसले सफा गर्नुहुन्छ ?

(इ) घरबाट निस्केको फोहोर कहाँ फाल्नुहुन्छ ?

(ई) सरसफाई गरिसकेपछि हात के ले धुनुपर्छ ?

**२. सफा रहने बानी ।**

**पढौं, हेरौं र सिकौं :**



मेरो नाम शान्ति हो । म गोदावरी नगरपालिका वडा नं. १ मा बस्छु । म कक्षा १ मा पढ्छु । म बिहान ५ बजे उठ्छु र साबुन पानीले हात मिचिमिचि धुन्छु । त्यसपछि ब्रसले दाँत सफा गर्छु । नङ लामो भएमा काट्छु । बिहान नियमित नुहाउने गर्छु । कपालमा तेल लगाएर कोर्छु । सधै सफा लुगा लगाएर विद्यालय जान्छु ।



अ. माथिको चित्रमा शान्तिले के-के गर्छिन्, साथीलाई सुनाउहोस् :

आ. तपाईंले दैनिक सरसफाईमा प्रयोग गर्ने सामानहरुको नाम साथीहरुलाई सुनाउनुहोस् ।

इ. तपाईंको शिक्षकले के भन्दैहुनुहुन्छ, पढौं र बुझौं :



बिहानै उठेर दैनिक सरसफाईको कार्य गर्नुपर्छ । सकेसम्म आफ्नो अंगहरुको सरसफाई आफैले गर्नुपर्छ । आफ्नो सरसफाई आफैले गर्नुलाई नै व्यक्तिगत सरसफाई भनिन्छ ।

**अभ्यास**

**तलका प्रश्नहरुको उत्तर भन्नुहोस् :**

(अ) बिहानै उठेर के गर्नुपर्छ ?

(आ) कस्तो कार्यलाई व्यक्तिगत सरसफाई भनिन्छ ?

**३. तपाईंको घरमा सरसफाईमा प्रयोग हुने सामानहरुमा गोलो घेरा लगाउनुहोस् :**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| साबुन | कुचो | कैची | डस्टबिन | किताब | ब्रस | डिटोल |
| फिनायल | टेबुल | नङ्कटर | चप्पल | सोडा | टुथपेष्ट | |
| काइँयो | झोला | | | | | |

## जोडा मिलाऊ :



























(ज) तपाईंको घरमा दैनिक सरसफाईमा प्रयोग गरिने सामानहरुको नाम लेख्नुहोस् :

झाडु ................................ ................................

........................ ............................ ..............................

.................... ............................... ..............................

.................. ........................................ ................ ...............

**हेरौँ र अभ्यास गरौँ :**

हात धुने तरिका



# एकाइ ५ : हाम्रो संस्कृति

## पाठ १: हाम्रा चाडपर्व र खानेकुराहरु

**हेरौं र साथीहरुसंग छलफल गरौं**



चित्र नं. १



चित्र नं. २



**चित्र नं. ३**



**चित्र नं. ४**



**चित्र नं. ५**

**चित्र नं. १ मा कुन पर्व मनाइरहेका छन् ?**

(अ) चित्र हेरी खानेकुरा चिन्नुहोस् ।

(आ) जोडा मिलाउनुहोस् ।

| | |
|---|---|
| दशैं | मिसौला |
| ओल्के | ढिकी/खेरिया |
| माघी | डुक्का |
| होली | सेलरोटी |
| विसु | मासु/चिउरा |

क्रियाकलाप :

तपाईंको घरमा कुन-कुन चाडपर्वमा के-के खानेकुरा पकाइन्छ ? अभिभावकलाई सोधेर लेख्नुहोस् ।

दशैं ..............................................................................................

## पाठ २: हाम्रो पहिरन

### (अ) हेरौं र चिनौं

**पोशाक र गहना हेरी कुन-कुन समुदायका मानिस हुन् ? चिन्नुहोस् ।**



चित्र नं. १



चित्र नं. २



चित्र नं. ३



चित्र नं. ४

### (आ) खाली ठाउमा लेख्नुहोस् ।

मेरो नाम ........................ हो । मेरो घर गोदावरी नगरपालिका वडा नं. ......... मा पर्दछ । मेरो गाउँको नाम ............... हो । मेरो घरमा ............... पर्व मनाइन्छ । त्यस दिन हामी ................ खान्छौँ । .............. पर्वमा हामी ............ लुगा लगाउँछौँ ।

**क्रियाकलाप**

**आफूलाई मनपर्ने एउटा पोशाकको चित्र बनाई रङ्ग भर्नुहोस् ।**

## पाठ ३ : हाम्रा परम्परागत गीत तथा बाजाहरु

समूहमा मिलेर गीत गाउनुहोस् ।

गौरापर्व आयो
खुसियाली छायो
दशै तिहार आउँदा
यो मन रमायो ॥

तिहारमा देउसी
माघीमा सखिया
वेतीयाको घरमा
होरी खेलौंला ॥

(अ) हेरौं, चिनौ र लेखौं











(आ) आफ्नो घरमा भएका बाजाको नाम लेख्नुहोस् ।

......................................

......................................

क्रियाकलापः

कुनै एउटा बाजाको चित्र बनाई रंङ्ग भर्नुहोस् ।

## पाठ ४ : हाम्रो संस्कार

(अ) चित्र हेरौं र छलफल गरौं ।



यस चित्रमा के भईरहेको छ ?



यस चित्रमा के-के देख्नुभयो ?



के तपाईं पनि जन्मदिन मनाउनुहुन्छ ?

(आ) रमिता र कलावती मिल्ने साथी हुन् । आज दुवै जना विद्यालयमा आएका छैनन् । आज रमिताको दिदीको विवाह हो । विवाहमा दुलहा सहित धेरै जना जन्ति पनि आएका छन् ।

तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

- आज कसको विवाह हो ?

....................................................................................................

- विवाहमा को-को आएका छन् ?

....................................................................................................

# एकाइ ६: हाम्रो वरपरको संसार

**कविता**

१. सुन्नुहोस् र लय मिलाई गाउनुहोस् ।

मेरो सानो गाउँमा

भगवतीको मन्दिर छ ।

मन्दिरको छेउमा टोपीढुंगा छ ।





जन्मदर्ता गर्न वडा कार्यालय जाम ।

विद्यालय गएर लेखौँ हामी नाम ।

## पाठ : १ मेरो गाउँ

१ चित्र हेरी वर्णन गर्नुहोस् ।





## २) पढौँ र बुझौँ
## मेरो गाउँ छिमेक

रमेश सल्ली गाउँमा बस्छ । सल्ली गोदावरी नगरपालिका मा पर्छ । यो गाउँको छिमेकी गाउँ सिम, चाप हुन् । सल्ली गाउँ वडा नं १२ भित्र पर्ने गाउँ मध्ये पहाडी गाउँ हो ।



## ३) चित्र हेरेर उत्तर दिनुहोस् ।



चित्र नं. १



चित्र नं. २



चित्र नं. ३

क) चित्र १ मा मानिसहरु के गरिरहेका छन् ?
ख) चित्र २ मा के भईरहेको छ ?
ग) कुन चित्रमा ताल छ ?

**अभ्यास :**

**जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| ताल |  |
| मन्दिर |  |
| घर |  |
| पहाड |  |
| मानिस |  |

**कथा सुनौं:**

रमेश बास्कोटा गाउँमा बस्छन् । उनी कक्षा १ मा पढ्छन् । उनका साथी केशरी पनि १ कक्षामा नै पढ्छन् । रमेशको छिमेकी गाउँ बसन्तपुरमा केशरीको घर छ । दुवैको गाउँ एउटै वडा नं ४ मा पर्छ । दुवै जना गाउँकै सरकारी विद्यालय राष्टिय मा. वि. बास्कोटामा पढ्छन् ।





**विद्यालयको प्रार्थना सभा**



**अभ्यास**

**अ. तलका प्रश्नहरुको उत्तर भन्नुहोस् ।**

१. रमेश कहाँ बस्छन् ?

२. तपाईँको घर कुन गाउँमा पर्छ ?

**क्रियाकलाप :**

**हेरौँ र चिनौँ:**












**पाठ : २ हाम्रो सम्पदा**

**१) गीत गाऔं**

साथी मेरो साथी
घुम्न जाउँ माथि



नायलको तालैमा
हरि दाइ पौडेछन्
ग्वासी मन्दिर जानलाई
राधा कृष्ण दौडेछन ।



साथी मेरो साथी
घुम्न जाउँ माथि
झोलुंगेको पुलमा
बिरु दाइ रमाए
रमाले पुल हल्लाउँदा
डराइ हात समाए ।

## २) हेरौ र चिनौः






**अभ्यासः**

**अ. तलका प्रश्नहरुको उत्तर दिनुहोस् :**

१) तपाईंको वरपर रहेका कुनै दुईवटा धार्मिक स्थलको नाम भन्नुहोस् ।

२) मन्दिरमा हामी के गर्छौ ?

३) जंगलमा के के हुन्छन् ?

## ३) कथा सुनौं ।

ए रमिला ! भोलि गाउँमा ग्वासी मेला छ । तिमी पनि आउ है । अहँ: मत सानो मान्छे । खोला तर्न सक्दैन । झोलुंगे पुलमा डर लाग्छ । नरिसाउ है कोपिला ।





**उत्तर भन्नुहोस्:**

क) मेला कहाँ छ ?

ख) नदीमा के छ ?

ग) डर कसलाई लाग्छ ?


घ) मेला हेर्न कसले बोलायो ?

४) प्राकृतिक वस्तुको चित्रमा ठिक (✓) लगाउनुहोस् :













# एकाइ ७ : हाम्रा क्रियाकलाप

## पाठ १: स्थानीय खेल



लुकामारी



गट्टा



चुङ्गी



घरकुट्टी

**तल दिइएका खेलहरु चिनेर नाम भन्नुहोस् ।**









**अ) उत्तर भन्नुहोस् ।**

१) तपाईं घरमा कुन कुन खेल खेल्नुहुन्छ ?

२) तपाईंलाई कुन कुन खेल मनपर्छ ?

३) तपाईं कोसँग खेल खेल्नुहुन्छ ?

**ग) रमाइलो गरौँ :**





# पाठ २: हाम्रा परम्परागत पेशा व्यवसाय







**माथिको चित्रमा के-के देख्नुभयो ?**

**अ) उत्तर भन्नुहोस् :**

१) तपाईँका घरका मानिस के के काम गर्छन् ।

२) तपाईँलाई कुन काम गर्न मन पर्छ ।

३) खेतीपाती गर्ने मानिसलाई के भनिन्छ ?

**आ) खाली ठाउँ भर्नुहोस् ।**

किसान, मूर्तिकार, मौरीपालन

१) विभिन्न वस्तुका मुर्ति बनाउने व्यक्तिलाई ..........भनिन्छ ।

२) खेतीपाती गर्ने व्यक्तिलाई ......................... भीनन्छ ।

३) मह उत्पादन क्षेत्र .................................हो ।

**इ. जोडा मिलाउनुहोस् ।**

| | | |
|---|---|---|
| १. |  | बाख्रा पालन |
| २. |  | मौरी पालन |
| ३. |  | मूर्तिकार |
| ४. |  | शिल्पकला |

## पाठ ३: स्थानीय प्रविधि

**हेरौँ र चिनौँ ।**







**अभ्यास :**

**अ) उत्तर भन्नुहोस् ।**

१) तपाईंको घरमा प्रयोग हुने स्थानीय प्रविधिको नाम भन्नुहोस् ।

२) जाँतो के कामका लागि प्रयोग गरिन्छ ?

**आ) तपाईंको घरमा प्रयोग हुनै स्थानीय प्रविधिहरुमा ठीक चिह्न (✓) लगाउनुहोस् ।**

क)  ( )

ख)  ( )

ग)  ( )

घ)  ( )

ङ)  ( )

**इ) जोडा मिलाउनुहोस् ।**



हलोजुवा



ढिकी



कोल



जाँतो



घट्ट